युनेस्को
नेपाल
राष्ट्रिय आयोग

**नेपाल सरकार**

# शिक्षा तथा खेलकुद मन्त्रालय

# युनेस्कोको निमित्त नेपाल राष्ट्रिय आयोगको सचिवालय

**सिंहदरवार, काठमाडौँको**

## सूचना

**सूचना प्रकाशित मिति : २०८३/०४/२२**

2026-2027

बालबालिकालाई आफ्नो चित्र-डायरी (ENIKKI) मार्फत सहभागी हुन अनुरोध गरिन्छ।

## Mitsubishi Asian Children's Enikki Festa

## २०२६-२०२७ मित्सुबिसी एसियाली बाल चित्र-डायरी महोत्सव

"आफ्नो दैनिक जीवनसँग एसियाका अरु बालबालिकालाई पनि परिचित गराऔं। आफूलाई चित्र-डायरीमा अभिव्यक्त गरौं। "विश्वभरिका बालबालिकालाई चित्र-डायरी मार्फत एसियाका मानिसका दैनिक जीवनसँग परिचित गराउने उद्देश्यले, यो कला महोत्सव आयोजना हुन गइरहेको छ। एसियाका २४ ओटा देशका बालबालिकाको सहभागिता हुने **"एसियामा प्रत्येकलाई मेरो जीवनी दर्शाउन चाहन्छु"** शीर्षकमा चित्र-डायरी बनाउनका लागि हाम्रा देशका बालबालिकालाई अनुरोध गरिन्छ।

तपाईंको रमाइलो दैनिक जीवन बारे एसियाका अरु साथीलाई थाहा दिन
आफ्नो तीन दिनको वर्णन गरी यस बाल चित्र-डायरी महोत्सवमा भाग लिनु हुन त?

### प्रवेश सम्बन्धी नियम

**प्रविष्टि** : प्रत्येक प्रविष्टि (Entry) तीन पृष्ठको हुनु पर्नेछ। प्रत्येक पृष्ठमा आफ्नो दैनिक जीवनको कुनै घटना बारे वर्णन गरिएको चित्र र त्यस बारे छोटो विवरण हुनु पर्नेछ। (ड्रइङ्ग पेपरमा रङ्ग अथवा क्रेयन आदि प्रयोग गरी)।

**आकार** : A4 साइज (२९७ मिमी x २१०) को ठाडो पृष्ठको माथि चित्र र त्यसको मुनि चित्रको बारेमा वर्णन गर्नु पर्नेछ। कागजको तीन भागमध्ये दुई भाग (माथिल्लो) पट्टि चित्र बनाउने र एक भाग (तल्लो) मा चित्रबारे तीनदेखि पाँच हरफसम्मको वर्णन गर्नु पर्नेछ।

**योग्यता** : ६ वर्ष देखि १२ वर्ष उमेर समूहका बालबालिकाहरु।

**विषय** : **"एसियामा प्रत्येकलाई मेरो जीवनी दर्शाउन चाहन्छु"** आफ्नो दैनिक जीवनका कुनै पनि पक्ष, जस्तै, परिवार, साथी, विद्यालय जीवन, रीतिरिवाज, चाडपर्व, भेषभूषा, संस्कृति, वातावरण, ग्रामीण तथा शहरी परिवेश आदि।

**चित्र-डायरी पठाउने अवधि: मिति २०८३ भाद्र ४ गतेदेखि असोज ३० गतेसम्म** युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको सचिवालय, सिंहदरवार, काठमाडौँमा आइपुग्नु पर्नेछ। चित्र-डायरी पठाउँदा शिक्षा, विकास तथा समन्वय एकाई वा विद्यालय वा स्थानीय तहको सिफारिस सहित पठाउनु पर्नेछ।

**पुरस्कारहरु:**

» Grand Prix Award (प्रत्येक देशबाट एक जना)। पुरस्कार स्वरुप प्रत्येक ग्रान्ड प्रिक्स अवार्ड विजेतालाई जापानमा आयोजना हुने पुरस्कार समारोह तथा सांस्कृतिक आदानप्रदान कार्यक्रममा भागलिन अन्तर्राष्ट्रिय आयोजकबाट ग्रान्ड प्रिक्स अवार्ड विजेता र परिवारका एक जना सदस्यसहित दुई जनालाई आमन्त्रण गरिने जानकारी प्राप्त भएको छ।

» Mitsubishi Public afairs Committee Award (प्रत्येक देशबाट एक जना)।

» Asian Pacific Federation of UNESCO Clubs and Associations Award (प्रत्येक देशबाट एक जना)।

» National Federation of UNESCO Associations in Japan Award (प्रत्येक देशबाट एक जना)।

| सहभागी देशहरु | आयोजकहरु |
|---|---|
| बङ्गलादेश, भुटान, ब्रुनाइ-दरुस्लाम, कम्बोडिया, चीन, भारत, इन्डोनेसिया, काजकिस्तान, दक्षिण कोरिया, लाओस, मलेसिया, माल्दिभ्स, मङ्गोलिया, म्यानमार, नेपाल, पाकिस्तान, फिलिपिन्स, सिङ्गापुर, श्रीलङ्का, चीन-ताइपेई, थाइल्याण्ड, टिमोर-लेस्ते, भियतनाम र जापान। | अन्तर्राष्ट्रिय आयोजक : itsubishi Public Affairs Committee/Asian Pacific Federation of UNESCO Clubs and Associations in Japan/ National Federation of UNESCO Associations in Japan |
| **आर्थिक तथा प्राविधिक सहयोग**<br>मित्सुबिशी कम्पनी, जापान | **राष्ट्रिय आयोजक**<br>युनेस्कोको निमित्त नेपाल राष्ट्रिय आयोगको सचिवालय, सिंहदरबार, काठमाडौं |

**विस्तृत जानकारीको लागि:**

युनेस्कोको निमित्त नेपाल राष्ट्रिय आयोगको सचिवालय, सिंहदरबार, काठमाडौं
फोन नं.: ०१-४२००५५९, ईमेल: unesconatcomnepal@gmail.com वेवसाइट: nncu.org.np र
मोबाइल नम्बर : ९८५११५१५२७ (फोकल पर्सन) बाट जानकारी लिन सकिने छ।